# भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको ५०औं बैठकका निर्णयहरु
## (मिति २०७७ माघ २३ गते)

निर्णय नं. १

भरतपुर केन्द्रिय बस टर्मिनल र पोखरा बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का रद्द गर्ने गरी मिति २०७७/१०/१३ मा भएको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. २

भरतपुर महानगरपालिका वडा नं. १३ निवासी नारायणी दवाडीले निजका नाममा मालपोत कार्यालय चितवनमा दर्ता रहेको साविक पटिहानि वडा नं. ८/क कि.नं.१४४७ को ज. वि. ०-१९-९ (३८७७.३० वर्गमिटर) मध्ये पश्चिम तर्फबाट २४ मिटर मोहडा कायम गर्ने गरी ज.वि. ०-१-१५ (एक कट्टा पन्ध्र धुर) जग्गा महानगरपालिका आधारभूत स्वास्थ्य संस्था निर्माणका लागि निःशुल्क दान दिने र उक्त संस्थाको अगाडि दाताको पति स्व. खडानन्द दवाडीको नाम उल्लेख हुनुपर्ने र उक्त जग्गामा निवेदकले जग्गा दान गर्दा पेश गरे बमोजिम बाटो खोलि लगत कट्टा हुन समेत माग गरिएको निवेदन र सम्बन्धित वडाको सिफारिस र निर्णय सहितको फाइल बैठकमा पेश भई छलफल भयो ।दाताले पेश गरे बमोजिम हुने गरी उक्त जग्गा महानगरपालिकाको नाममा दान स्वारुप प्राप्त गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ३

श्री उज्वल दिप भुमिगत जल उपभोक्ता समितिको नाममा मिति २०७७/०३/२६ मा यस कार्यालयबाट खिचिएको रु.२४,६२५ रुपैयाको चेक कोभिड-१९ को कारण बैक बन्द भएकाले समयमा सटही हुन नसकेको हुँदा पुनः अर्को चेक उपलब्ध गराई पाउँ भनी समितिका अध्यक्ष नेत्र प्रसाद न्यौपानेले दिनु भएको निवेदन अनुसार उक्त रद्द भएको चेक अनुसारको रकम रु २४,६२५ अर्को चेक मार्फत भुक्तानि दिने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ४

भरतपुर महानगरपालिका वडा नं. ५ मा निर्माणधिन पाल्साङ्ग दोर्जे छेक्छेङ्ग गुम्बाले निजको नाममा दर्ता रहेको कल्याणपुर २/क कि. नं. १९२६ को ज. वि. १९१.३४ वर्गमिटर जग्गामा निर्माण हुने गुम्बा भवनको नक्सा पास दस्तुर छुट दिन मिति २०७७/१०/०६ मा ५ नं. वडा कार्यालयको सिफारिस समेत प्राप्त भएको हुँदा उक्त गुम्बाको लाग्ने नक्सा पास दस्तुर रु. ३४,६६० छुट दिने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ५

भरतपुर महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाबाट पेश हुन आएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि परियोजना प्रस्ताव सम्बन्धमा भरतपुर महानगरको मिति २०७७/१०/१८ को निर्णय अनुसार महानगर

Scanned with CamScanner

शिक्षक ११ विद्यालयले पेश गरेको प्रस्ताव बोर्डले पारेको र आवश्यकता परेकोले उक्त मितिमा सम्बन्धित निकायमा महानगरको प्रस्तावलाई अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ६

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट १० वर्षे नयाँ शिक्षा योजना (२०७८-२०८८) विकास गर्ने क्रममा यस भरतपुर महानगरपालिकालाई समेत प्रदेशबाट छनौट गरी योजना निर्माणको खाका सहित कार्य अगाडी बढाउन लेखी आए अनुसार वडा स्तरमा समेत उप-समिति गठन गरी दश वर्षे शिक्षा विकास योजना तर्जुमाको कार्य अगाडी बढाउने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ७

भरतपुर केन्द्रिय बस टर्मिनल तथा पोखरा बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का मिति २०७७/११/१३ को निर्णय अनुसार रद्द गरिएको हुँदा सोही मिति देखि अमानतमा सञ्चालन गर्ने र आगामि ३ आर्थिक वर्ष समेतका लागि ठेक्का प्रकृया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ८

अखण्डज्योतिबाबा स्वामीश्रीजी च्यारिटेबल ट्रष्टले भरतपुर महानगरपालिका वडा नं. १ देवघाटमा गोपालबाबाले संरक्षण गर्दै आउनु भएको गौशालामा मुक्तिनाथ अतिथि सदन धर्मशाला भवन निर्माण गर्नको लागि ३१८.७० वर्ग मिटरको (पूर्वमा ६ मिटरको पिच बाटो, पश्चिम रोटरी करुणालय, उत्तर बुद्धि सागर न्यौपाने र दक्षिणमा बाबुराम तिवारीको सिमाना चार किल्ला भएको) उक्त जग्गा उपलब्ध गराउने सम्बन्धमा सर्वसम्मनतिले निर्णय गरियो ।

निर्णय नं. ९

भरतपुर महानगरपालिका वडा नं. ६ स्थित केपा वाचनालय तथा पर्यटन सुचना केन्द्रको नाममा दर्ता कायम रहेको साविक गीतानगर ९/क कि. नं.१८२४ र २०४७ को ज. वि. ०-०-१५ र ०-०-५ क्षेत्रफल भएको जग्गामा संस्थाको भवन निर्माण गर्न लागेको हुँदा उक्त भवन निर्माण गर्दा लाग्ने नक्शापास दस्तुर रकम छुटको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उक्त भवन निर्माणको लागि लाग्ने नक्शापास दस्तुर रु. ७८,६६८ छुट दिने र सेटब्याकमा लचकता अपनाउने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. १०

भरतपुर महानगरपालिका अर्न्तगतका तपसिल बमोजिमका नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन, बिक्री तथा व्यवस्थापनका लागि भरतपुर महानगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७को दफा(१४) बमोजिम प्राविधिक समितिबाट पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।साथै उक्त प्रतिवेदनमा उल्लेखित परिमाणका आधारमा बोलपत्र आह्वन गरी ठेक्का मार्फत राजस्व संकलन गर्ने सर्वसम्मनतिले निर्णय गरियो ।

Scanned with CamScanner

| सि.नं | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएका नदी तथा खोलाहरु | वार्षिक उत्खनन गर्न मिल्ने परिमाण | ठेक्कामा लगाउने परिमाण | ठेक्का रकम रु |
|---|---|---|---|---|
| १ | भरतपुर वडा.नं १७ मङ्गुवा सामुदायिक वन अर्न्तगत नारायणी नदीको बगरक्षेत्र | ८१०००घ.मी | ६५०००घ.मी | २,०६,३८,०००/- |
| २ | भरतपुर वडा.नं१६,सिद्धि गणेश सामुदायिक वन अर्न्तगत नारायणी नदीको बगर क्षेत्र | ६७५०० घ.मी | ६७५०० घ.मी | २,१४,३२,६००/- |
| ३ | भरतपुर वडा.नं १६,ज्ञानेश्वर सामुदायिक वन अर्न्तगत नारायणी नदीको बगर क्षेत्र | ४००००घ.मी | ४००००घ.मी | १,२७,००,८००/- |
| ४ | भरतपुर वडा.नं १ ठिमुरा क्षेत्र/त्रिशुली नदीको बगर क्षेत्र | ६७५०० घ.मी | ६७५००घ.मी | २,१४,३२,६००/- |
| ५ | भरतपुर वडा.नं २९ गाईघाट र भोर्ले अर्न्तगत त्रिशुली नदीको बगर क्षेत्र अर्न्तगत ढुङ्गा, गिट्टी तथा बालुवा दिगो रुपमा सङ्कलन तथा उत्खनन् कार्य | २००००घ.मी | २००००घ.मी | ६३,५०,४००/- |
| ६ | भरतपुर महानगरपालिका वडा.नं ४ स्थित शिवालय मन्दिर अर्न्तगत नारायणी नदीको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा दिगो रुपमा सङ्कलन, उत्खनन कार्य । | २५००० घ.मी | | अमानतबाट उत्खनन तथा सङ्कलन गर्ने । |

निर्णय.नं ११

भरतपुर महानगरपालिका अर्न्तगत सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरु, महानगरपालिकाका आफ्नै गौरवका आयोजनाहरु तथा केन्द्रीय एवं महानगरस्तरीय योजनाहरु विगतदेखि नदीजन्य पदार्थको अभावमा निर्माण कार्यमा समस्या उत्पन्न भएको तथा ढुङ्गा,गिट्टी,बालुवा लगायतका नदीजन्य पदार्थ समयमा उपलब्ध नगराउदा समग्र महानगरपालिकाको विकास निर्माणमानै असरपर्ने देखिन्छ ।नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापनका लागि ठेक्का प्रकृया अगाडी बढाईएता पनि सार्वजनिक खरीदको प्रकृयाले ढिलाई हुन जाने भएकोले हालको लागि भरतपुर महानगरपालिका वडा.नं १७ मङ्गौवा सामुदायिक वन अर्न्तगत नारायणी नदीको बगरक्षेत्रबाट स्वीकृत प्रारम्भिक प्रतिवेदन २०७७ मा उल्लेख भएवमोजिम यस वर्ष उत्खनन् गर्न सिकने ८१०००(एकासी हजार घ.मी) मध्ये १६०००घ.मी नदीजन्य पदार्थ महानगरपालिकाको समग्र विकास निर्माणमा प्रयोग गर्नका लागि अमानतमा आफै उत्खनन् तथा बिक्री वितरण गर्ने सर्वसम्मनतिले निर्णय गरियो ।

निर्णय.नं १२

भरतपुर महानगरपालिका अर्न्तगत सञ्चालित राष्ट्रिय गौरवका आयोजना गौतम बुद्ध अर्न्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणका परियोजनाको मुख्य खेल मैदानको टप फिलिङ गर्नका लागि पाँगो माटो करिब २५०

Scanned with CamScanner

टिपर(३०००घ.मी.) माग भईआएको हुदा भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०७७ अनुसार प्रति घन.मी ३१७/५२का दरले हुने राजस्व रकम रु.९,५२,५६०/-(नौ लाख बाउन्न हजार पाँच सय साठी) बराबरको नदिजन्य पदार्थ अनुदान स्वरुप उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो ॥

निर्णय.नं १३

भरतपुर महानगरपालिकाको आ. व. २०७७/७८ को रातो किताबबाट आ. व. को अधुरो योजनामा तपसिल बमोजिम उल्लेख भएको अनुसूची- १ मा छुट भएका योजना/ कार्यक्रमहरु सर्वसम्मतिले निर्णय गरियो ॥

अनुसूची १

आ.व.२०७७/०७८ को रातो किताबबाट गत आ.व.को अधुरो योजनामा छुट भएका योजना/कार्यक्रमहरु

चौथो विवरण

| सि.नं. | योजनको नाम | योजनको किसिम | सम्झौता रकम | हालसम्म भुक्तानी भईसकेको रकम | छुट किताबमा समावेश भएको रकम | छुट भएको रकम | छुटेको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | आ.वि.सुन्दरवस्तीको लागि कम्पाउण्ड वाल निर्माण | जि.सं.सं.+नगरस्तरिय | ६७५००० | ० | ० | ६७५००० | वडाबाट विवरण नआएकोले |
| २ | देवनगर जंगल सिमानाबाट गीतानगर बजार हुलाकी सडक मर्मत | नगरस्तरिय, कोटेसन | ४९५४९७.८७ | ० | ० | ४२०९९७५ | वडाबाट विवरण नआएकोले |
| ३ | राधाकृष्ण लामाको घर घुमाउने चौतारो | नगरस्तरिय | ५५५६७७५.४२ | ० | ० | ३०१७२१०.८६ | वडाबाट विवरण नआएकोले |
| | शिक्षा मार्ग पिच निर्माण | वडास्तरिया | ५९५०७८.८५ | १६५००० | ० | ४३००७८.८५ | वडाबाट विवरण नआएकोले |
| कुल रकम | | | | | | ४५४३२८७.२१ | |

Scanned with CamScanner